लगावसहित चेला
बनाउने मण्डली
सम्मेलन

IDMC 2021
SINGAPORE

# अनुग्रह र महिमा

## परमेश्वरका राज्य केन्द्रित जीवनका लागि ५ सशक्त सिद्धान्तहरू

३ – ४ सेप्टेम्बर २०२१
अनलाईन सम्मेलन

हाम्रो मिशन

# एक निश्चित किसिमको सच्चा चेलापन र लगावसहितको चेला निर्माण

# समयतालीका

**तालीकामा सिङ्गापुरको समय दिएको छ। ध्यान दिनुस: सिङ्गापुर समय भन्दा नेपाली समय 2 घण्टा 15 मिनेटले चाँडो हुन्छ!**

| दिन १ | शुक्रबार, ३ सेप्टेम्बर |
|---|---|
| 10.00am | शेषन १: परमेश्वरले अनुग्रह र महिमा दिनुहुन्छ |
| 10.40am | विश्राम |
| 10.55am | शेषन २: परमेश्वरको वचनमा केन्द्रित सत्य |
| 11.35am | खानाको समय |
| 1.05pm | शेषन ३: परमेश्वरको आराधनामा केन्द्रित समुदाय |
| 1.45pm | विश्राम |
| 2.00pm | शेषन ४: परमेश्वरको इच्छामा केन्द्रित भण्डारेपन |
| 2.45pm | दिन १ को समापन |

| दिन २ | शनिबार, ४ सेप्टेम्बर |
|---|---|
| 10.00am | शेषन ५: परमेश्वरको बुद्धिमा केन्द्रित सन्तुलन |
| 10.40am | विश्राम |
| 10.55am | शेषन ६: परमेश्वरको तरिकामा केन्द्रित चूर्णता |
| 11.35am | खानाको समय |
| 1.05pm | शेषन ७: परमेश्वरको अनुग्रह र उहाँको महिमाको लागि जिउनु |
| 1.50pm | सम्मेलन समापन |

# बिषयसूची


**प्राक्कथन** 5

**मुख्य वक्ताहरू** 7

**शेषन १:** परमेश्वरले अनुग्रह र महिमा दिनुहुन्छ 10

**शेषन २:** परमेश्वरको वचनमा केन्द्रित सत्य 15

**शेषन ३:** परमेश्वरको आराधनामा केन्द्रित समुदाय 21

**शेषन ४:** परमेश्वरको इच्छामा केन्द्रित भण्डारेपन 27

**शेषन ५:** परमेश्वरको बुद्धिमा केन्द्रित सन्तुलन 33

**शेषन ६:** परमेश्वरको तरिकामा केन्द्रित चूर्णता 38

**शेषन ७:** परमेश्वरको अनुग्रह र उहाँको महिमाको लागि जिउनु 43

# प्राक्कथन

**बर्ष २०२१ को आई डी एम सी मा स्वागत छ !**

बर्ष २०२१ को आई डी एम सी ले तपाईंलाई गतिशील परमेश्‍वरको राज्यमा जिउने आत्मिक यात्रामा निमन्त्रणा दिंदछ । यस्तो चुनौतिमय घडीमा हामी खेलाईंची गरेर जिउन सक्दैनौं । बरू, हामी परमेश्‍वरका उपस्थितिमित्र, परमेश्‍वरका शक्तिद्वारा, परमेश्‍वरका प्रतिज्ञामा रही परमेश्‍वरको उद्देश्यको निम्ति जिउनुपर्छ ।

यस बर्षको आई डी एम सी सम्मेलनको शिर्ष बिषय **अनुग्रह र महिमा: राज्य केन्द्रित जीवनका लागि पाँच आधारभूत स्तम्भहरू रहेको छ ।**

भजनसंग्रह ८४:११ ले भन्दछ, "किनकि परमप्रभु परमेश्‍वर सूर्य र ढाल हुनुहुन्छ, परमप्रभुले अनुग्रह (निगाह) र महिमा (इज्जत) प्रदान गर्नुहुन्छ। सत्य मार्गमा हिंड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न।"

परमेश्‍वरले अनुग्रह र महिमा दिनुहुन्छ । यी दुई कुराहरू परमप्रभु परमेश्‍वरबाट प्राप्त हुने सबैभन्दा बहुमुल्य उपहारहरू हुन् – हाम्रो उद्धारका लागि अनुग्रह र हाम्रो नियतिका लागि महिमा । राज्य केन्द्रित जीवनका लागि यो नै सार तत्व हो ।

त्यसो भए, वर्तमान संसारमा हामीले राज्य केन्द्रित जीवन कसरी जिउने त ?

यो सम्मेलनमा, हामी परमेश्‍वर केन्द्रित जीवनका लागि पाँच मूल स्तम्भहरूका बिषयमा खोजी गर्नेछौं ।

**१. सत्य**
हामी परमेश्‍वरको वचनमा केन्द्रित सत्यलाई महत्व दिन्छौं ।

हामी विश्‍वास गर्छौं कि, हामी जिउने संसारमा सबैभन्दा महत्वपूर्ण संसार अदेख संसार हो । अनि त्यस अदेश संसारको सबैभन्दा बहुमुल्य तत्व चाहिं सत्य हो । यो सत्य परमेश्‍वरको वचनमा प्रकाशित गरिएको छ ।

त्यसैले, बाइबल त्रुटीरहित परमेश्‍वरको प्रेरणाबाट प्रेरित भएको परमेश्‍वरको वचन हो, जसले विश्‍वासीहरूका जीवन र अभ्यासलाई सुरक्षित गर्न पूर्ण अधिकार पाएको छ । यही धर्मशास्त्रबाट हामी मूलभूत मान्यताहरू जस्तै; येशूको प्रभुत्व, मानिसको पतन, प्रार्थनाको शक्ति, परमेश्‍वरको राज्य जस्ता कुराहरू सिक्न सक्छौं । यस्तै, परमेश्‍वरको वचन अध्ययन गर्ने समर्पणता, सिके अनुसार गर्न र सिकाउन परमेश्‍वरका राज्यका पुजाहारीगिरीको जिम्मेवारी लिने कुरा अति महत्वपुर्ण छन् (एज्रा ७:१०) । साँचो बाइबलीय शिक्षा (सत्य जान्न, सत्य अनुसार जिउन, र सत्य घोषणा गर्नको निम्ति प्रतिबद्धता) नै जीवन रुपान्तरणको लागि प्रमुख माध्यम र प्रभावकारी चेला निर्माणको निम्ति कडी हो ।

**२. समुदाय**
हामी परमेश्‍वरको आराधनामा केन्द्रित समुदायलाई महत्व दिन्छौं ।
जीवन परिवर्तन समुदायमा प्रभावकारी हुन्छ । समुदायले व्यक्तिको विश्‍वदृष्टिकोण र संस्कृतिलाई आकार दिन्छ । तसर्थ, वास्तविकता मानव निर्मित कुरामा निहित भएता पनि वास्तविकताको धारणा चाहिं समाज निर्मित कुरामा निहित हुन्छ । यसैले बाइबलीय आधारमा परिचालित एउटा समुदायले आत्मिक वृद्धिलाई बढावा दिन्छ तर बाइबलीय आधारमा परिचालित नभएको समुदायले त्यसलाई बाधा दिन्छ ।

यसैले, राज्य केन्द्रित जीवनमा हामी प्रेमपूर्वक एक अर्कासँग बाइबलीय ढंगले व्यवहार गर्छौं (रोमी १२:९-१७)। पावलले 'प्रेमको निम्ति राज्य केन्द्रित दश नियमावली' का रुपमा दिएका प्रेरितीय निर्देशनलाई हामी विचार गर्न सकछौं ।

**३. भण्डारेपन**

हामी परमेश्वरको इच्छामा केन्द्रित भण्डारेपनलाई महत्व दिन्छौं ।

वास्तवमा हामी मालिकहरू होइनौं, बरू भण्डारेहरू हौं भनी विश्वास गर्छौं । हामी दुई शुत्रीय भण्डारेपनमा विश्वासयोग्य हुनका लागि बोलाइएका छौं : सुसमाचारका भण्डारे र श्रोतसाधन(जस्तै; हाम्रो समय, वरदान र सम्पत्ति) का भण्डारे । यसो गर्नका लागि हामीले अन्तिम कुरालाई मनमा राखेका हुनुपर्छ ।

त्यसैले, प्रेरित पत्रुसले दिएका सल्लाहअनुसार "सबै कुराको अन्त्य नजिक छ" भन्ने कुरालाई हामीले बुझ्नुपर्छ (१ पत्रुस ४:७-११)। हाम्रो भण्डारेपनको अत्यावश्यकता र उत्तरदायित्व दुवै कुराहरू छन् । परमेश्वरको राज्य विस्तारमा हाम्रा श्रोतसाधनहरूलाई उच्चतम सदुपयोग हुने गरी प्रयोग गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको छ, ताकि सुसमाचारप्रतिको हाम्रो भण्डारेपनमा हामी विश्वासयोग्य हुन सकौं ।

**४. सन्तुलन**

हामी परमेश्वरको बुद्धिमा केन्द्रित सन्तुलनलाई महत्व दिन्छौं ।

उग्रवादको खतराले भरिएको संसारमा, हामीले बाइबलीय सन्तुलन खोज्नुपर्छ । जीवनको जटिलताहरूका तनावमाथि दया र बुद्धिसहितको समझमा माथि उठ्नुपर्छ भनी विश्वास गर्छौं । यो बुद्धि माथिबाट आउँछ ।
त्यसैले, याकूबको "माथिबाटको बुद्धिमा जिउनुपर्छ" भन्ने बोलावटलाई हामीले बुझ्नुपर्छ (याकूब ३:१३-१८)। उग्रवादको ध्रुवीयतामा अक्सर हाम्रो जीवन 'यो वा त्यो' को विकल्प जस्तो हुँदैन । हामीले सेवाकाईको प्रभवाकारिता र सांस्कृतिक सान्दर्भिकतालाई मजबुत बनाउँदै हाम्रा बाइबलीय इमान्दारीतालाई सम्झौता नगरिकन दुवै कोणबाट बुझ्न र सन्तुलित स्थान लिन सिक्नुपर्छ ।

**५. चूर्णता**


हामी परमेश्वरको तरिकामा केन्द्रित चूर्णतालाई महत्व दिन्छौं ।

कलवरीको बाटो विनम्रता र चूर्णताको चेलापनको बाटो हो । हामी हाम्रो कम्पासलाई परमेश्वरमा केन्द्रित गराएर चलाउँदछौं । तर प्रायजसो जीवनमा, हामी धेरै आवाजहरू सुन्छौं । ती आवाजहरू मध्ये केही हामीलाई बाधा दिने खालका छन् । केही निराश बनाउने खालका छन् भने केही चाहिं निर्बल बनाउने खालका पनि छन् । अझ परिस्थितिलाई थप जटिल बनाउने कुरा त यो छ कि, परमेश्वर धेरै टाढा हुनुभएको जस्तो लाग्छ ।

यसैले, राज्य केन्द्रित जीवनको मुख्य कुरा चाहिं पहिलो सिद्धान्तमा पून:स्थापित हुनु हो । अनि भजनसंग्रह १० अध्यायले हामी कसरी विनम्रता र चूर्णतामा हिंड्ने र विजयी हुने भन्ने प्रकाशलाई चाखलाग्दो ढंगले उजागर गर्दछ ।

वास्तवमा, परमेश्वरको उद्धारात्मक उद्देश्यका दुई मूल कुराहरू छन् : पतित भएका मानवजातिलाई उद्धार गर्नु र उद्धार पाएका मानिसहरूलाई तिनीहरूका नियतिमा पुऱ्याउनु । अनि यी कुराहरू उहाँका अनुग्रहको चेतना र महिमाको विष्मयमा गहिरो गरी पक्रिन सकिन्छ ।


महान् दिनहरू आउँदैछन्,



**एडमण्ड चान**
**लिडरशिप मेन्टर, कभनन्ट इभान्जलिकल फ्रि चर्च**
**संस्थापक, आई डी एम सी ग्लोबल अलायन्स**

**लिडरहरूलाई मेन्टरिङ्ग गर्दै, चेलाहरू पूनरूत्पादन गर्ने**

# मुख्य वक्ताहरू



**रेभ. एडमण्ड चान**


लिडरशिप मेन्टर,
कभनेन्ट इभान्जलिकल फ्रि चर्च
संस्थापक, ग्लोबल अलायन्स अफ इन्टेन्सनल डिसाइपल मेकिङ्ग चर्चज (आई.डी.एम.सी.)

एडमण्ड चानका सेवकाइका दुई जोशहरू छन् - व्याख्यात्मक प्रवचन प्रचार र अगुवापन मेन्टरिङ । उहाँका उत्प्रेरित बाइबलीय शिक्षाहरूका कारण विश्वभरका मुख्य शहरहरूबाट अत्यधिक माग गरिएको व्याख्यात्मक प्रचारकहरूमध्ये उहाँ एक हुनुहुन्छ, उहाँलाई प्रायजसो तीन देखि पाँच बर्ष अघिदेखि नै निमन्त्रणाहरू आइसकेका हुन्छन् ।

कभनन्ट इभान्जलिकल फ्रि चर्च (सी ई एफ सी)मा २५ बर्षसम्म सिनियर पास्टरका रुपमा सेवा गर्नुभएपछि, एडमण्डले जनवरी २०१२ मा लगावपूर्वक अगुवापन उत्तराधिकार हस्तान्तरण गर्ने कार्य सफलतापूर्वक सम्पन्न गर्नुभयो । हाल सी ई एफ सी का लिडरशिप मेन्टर र ग्लोबल अलायन्स अफ इन्टेन्सनल डिसाइपल मेकिङ्ग चर्चजका संस्थापकका रुपमा, सिङ्गापुर र सिङ्गापुरभन्दा बाहिरका शीर्ष अगुवाहरूलाई निरन्तर मेन्टोरिङ गर्दै आउनुभएको छ । ती व्यक्तिहरूमा व्यापारिक अगुवाहरू, कार्यकारी प्रमुखहरू, साम्प्रदायिक लिडरहरू, बाइबल कलेज तथा सेमिनारीका प्राध्यापकहरूका साथै राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थाका निर्देशकहरू सम्म पर्दछन् ।

रेभ एडमण्डले थुप्रै पुस्तकहरूको लेखन र प्रकाशन गरिसक्नुभएको छ; 'ग्रोइङ्ग डिप इन गड'(२००२), 'मेन्टरिङ पाराडाइम'(२००८), 'ग्रोइङ्ग डिप इन फेथ'(२०१०),'कल्टिभेटिङ योर इनर लाइफ'(२०११),'एक निश्चित किसिम'(२०१३),'राडिकल डिसाइपलशिप'(२०१४), 'लाइफ एण्ड लेगेसी'(२०१५), 'डिसाइपलशिप मिशन'(२०१६), 'फेथ एण्ड फायर'(२०१८) र हालै उहाँको नयाँ पुस्तक 'ग्रेस एण्ड गलोरी'(२०२१)।

रेभ एडमण्ड आन चानसँग विवाहित हुनुहुन्छ, उहाँकी पत्नी पनि एक कुशल वक्ता र एक लिडरका रुपमा आफ्नो श्रीमानसँगै विश्वभरि सेवा पुऱ्याउनुहुन्छ । उहाँहरूका दुई जना प्रिय छोरीहरू अमान्डा र बेलिसीया छन् ।



**पास्टर आन चान**


एसोसिएट पास्टर, कभनन्ट इभान्जलिकल फ्रि चर्च
डाइरेक्टर, ग्लोबल अलायन्स अफ इन्टेन्सनल
डिसाइपल मेकिङ्ग चर्चज

पास्टर आन चान आफ्ना श्रीमान रेभ. एडमण्ड चानसँग सक्रियतापूर्वक सेवा गरिरहनुभएको छ, जसले विश्व्यापी रुपमा लगावसहित चेला बनाउने मण्डली दर्शनलाई प्रसार गरिरहनुभएको छ ।

आन चान एक वरदानयुक्त लिडर र शिक्षिका हुनुहुन्छ, जसले कभनेन्ट ई.एफ.सी.का धेरै सेवाहरू जस्तै 'वुमेन इन कभनेन्ट' को शुरुवात गर्नुभएको छ । उहाँ आफैं पनि पीडा र कष्ट भएर जानुभएकोले, उहाँको सेवाको क्रममा उहाँकहाँ आउनेहरू धेरैलाई उहाँले सहानुभूति प्रकट गर्दै बुद्धिमतापूर्वक परामर्श गर्नुभएको छ ।

उहाँ शैक्षिक अधिकृत हुनुका नाताले, १९९४ मा ट्रिनिटी इभान्जलिकल डिभिनिटी स्कूलबाट सम्मानस्वरुप ख्रीष्टियान शिक्षामा मास्टर्स अफ आर्टस् डिग्रीद्वारा दीक्षान्तित हुनुभएको छ । उहाँले मानिसहरूलाई मेन्टोरिङ गर्नुका साथै, हङ्कङ, अष्ट्रेलिया, संयुक्त राज्य अमेरिका, लण्डन लगायत अरु धेरै राष्ट्रहरूमा प्रचार गर्नुभएको छ ।

उहाँले आफ्ना श्रीमान रेभ एडमण्ड चानसँग मिलेर चेलापनसँग सम्बन्धित चार वटा पुस्तकहरू "रुट्स एण्ड विङ्गस्" "लाइफ एण्ड लेगेसी", "फेथ एण्ड फायर" र हालै प्रकाशित "ग्रेस एण्ड ग्लोरी" सहलेखन गर्नुभएको छ ।



**रेभ टान के क्योङ्ग**
सिनियर पास्टर
कभनन्ट इभान्जलिकल फ्रि चर्च

रेभ. टान के क्योङ्ग कभनन्ट इभान्जलिकल फ्रि चर्चका सिनियर पास्टर हुनुहुन्छ। उहाँ हरेक मानिसलाई परमेश्वरमा आफ्नो क्षमता पहिचान गर्नका लागि सहायता गर्न मन पराउने गोठालो अगुवापन हृदय भएको पास्टर हुनुहुन्छ। इ.सं. १९९३ मा पास्टरीय सेवामा आउनुभए देखि, उहाँ एक कुशल अगुवा र वचनका प्रचारकको रुपमा वृद्धि हुनु भएको देखेर धेरै मानिसहरू उहाँबाट उत्प्रेरित भएका छन्

इ.सं. १९९३ मा सिङ्गापुर बाइबल कलेजबाट दिक्षान्तित भएसँगै उहाँ कभनन्ट इभान्जलिकल फ्रि चर्चको पास्टरीय सेवामा नियुक्त हुनुभएको थियो। त्यस लगत्तै उहाँले मण्डलीमा पारिवारीक जीवन विकासको विभागमा रही सेवा पुर्‍याउन थाल्नुभयो, जुन क्रममा उहाँले पारिवारीक सेवाको बोझ अझ विकाश गर्नुभयो। इ.सं. १९९९ मा सुसमाचार प्रचार र सामुदायिक सेवा पास्टरका रुपमा, कभनन्ट इभान्जलिकल फ्रि चर्चको सामाजिक सेवा विभागको रुपमा न्यू लाइफ कम्युनिटी सर्भिसको शुरुवात गर्नुभयो।

इ.सं. २०१३ मा, पास्टर के क्योङ्गले "लेगेसि बियोण्ड सेल्फ: एक निश्चित किसिमको परिवार" भन्ने पहिलो पुस्तक प्रकाशित गर्नुभयो।

कभनन्ट ई इफ सी दाजुभाइ संगतिमार्फत मण्डलीका दाजुभाइहरू परमेश्वरीय गुणमा बढेका देख्न पाउनु पास्टर के क्योङ्गको सबैभन्दा ठूलो आनन्द भएको बताउनुहुन्छछ। उहाँ हाल सिङ्गापुरका दाजुभाइ संगतिका निम्ति पास्टरीय सल्लाहकारका रुपमा हुनुहुन्छ।

उहाँ आफ्नी श्रीमति डायनासँग भएर मण्डली भित्र र बाहिरका मानिसहरूलाई मेन्टोरिङ सेवा दिन आनन्दित हुनुहुन्छ। उहाँका दुई छोरीहरू हिल्डा र हाजेल छन्।

शेषन १

# परमेश्वरले अनुग्रह र महिमा दिनुहुन्छ

पास्टर आन चानद्वारा

# शेषन १

## परिचय

हामी चुनौतिमय समुयमा बाँचिरहेका छौं । तर "परमेश्वरले अनुग्रह र महिमा दिनुहुन्छ" भन्ने वास्त

विकताले हामीलाई सान्त्वना मिल्छ ।

"किनकि परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ । परमप्रभुले अनुग्रह र महिमा दिनुहुन्छ । इमान्दारीतामा हिँड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न ।" भजनसंग्रह ८४:११

यो पदमा तीन वटा घोषणाहरू छन् :

**घोषणा १:** हाम्रो परमेश्वर सूर्य र ढाल हुनुहुन्छ ।

सूर्य : *शेमेश*

ढाल: *म्यागेन*

**घोषणा २:** "परमप्रभु परमेश्वरले अनुग्रह र महिमा दिनुहुन्छ" ।

अनुग्रह : *हेन*

महिमा : *काबोड*

**घोषणा ३:** "परमप्रभुले हामीबाट कुनै कुरा वञ्चित गर्नुहुन्न" ।

असल कुराः *टोब*

परमेश्वरमाथिको विश्वासमा अडिग हुनलाई हामीसँग दुई वटा बलिया निश्चयताहरु हुनुपर्छ :

## क. परमेश्वरको अनुग्रहको भलोपन:

१. साँचो अनुग्रह – कृपालु परमेश्वरबाट आउँछ ।

"*परमप्रभु, एक कृपालु र अनुग्रही परमेश्वर...*" – *प्रस्थान ३४:६*

२. साँचो विश्वास – परमेश्वरमा भएको भरोसाले आउँछ ।

"*मेरो अनुग्रह तिम्रो लागि यथेष्ट छ, किनकि मेरो शक्ति कमजो।मा सिद्ध तुल्याइन्छ ।*" – *२ कोरिन्थी १२:९*

## ख. परमेश्वरको महिमाको महानता:

१. विश्वास मात्र गर – हामी उहाँको महिमा देख्नेछौं ।

"*...यदि विश्वास गर्‍यौ भने, तिमीले परमेश्वरको महिमा देख्नेछौ...*" – *यूहन्ना ११:४०*

२. भरोसा मात्र गर – हामी उहाँको विजय अनुभव गर्नेछौं।

"*परमप्रभुको महिमा तिमीहरूका पछिल्तिरको रक्षक हुनेछ ।*" – *यशैया ५८:८*

## अन्तमा

### १. परमेश्वरको उदेकको अनुग्रहमा जिउनु

परमेश्वरको अनुग्रहमा रुपान्तरित एउटा जीवन

"*जुन परिस्थितिलाई परिवर्तन गर्नुहोस् भनेर हामी परमेश्वरलाई भन्छौं, अक्सर त्यही परिस्थितिले परमेश्वरले हामीलाई परिवर्तन गरिरहनुभएको हुन्छ।*" – *मार्क ब्याटर्सन*

### २. परमेश्वरको भव्य महिमामा जिउनु

परमेश्वरको घरमा रहन चाहने असिम तृष्णा

"*सरिक भएको मन, सत्यताद्वारा प्रज्वलित भएको हुन्छ, जसले जागरुकतालाई जगाउँछ। सरिक भएको हृदय, प्रेमद्वारा प्रभावित हुन्छ, जसले जोशलाई जगाउँछ। म एक पटक फेरि दोहोर्‍याउँछु – हाम्रो आत्माको अत्यावश्यक उर्जा केवल खुशी वा उच्च भावना अथवा जीवनप्रति आशावादी हुनु पनि होइन।*" – *ब्रेनान मानिङ्ग*

# मनन् गर्ने प्रश्नहरू

**प्रश्न नं. १. तपाईंको जीवन परमेश्वरको अनुग्रह र महिमा मुनि रहेको छ भनी कसरी भन्न सक्नुहुन्छ?**

**प्रश्न नं. २. पास्टर आनको बचनबाट तपाईंले प्राप्त गर्नुभएको एउटा अन्तर्दृष्टि के थियो?**

**प्रश्न नं. ३. पास्टर आनको सन्देशबाट तपाईंले आफ्नो वृद्धिका निम्ति चाल्न सक्ने ठोस एउटा कदम के हुन सक्छ?**

शेषन २

# परमेश्वरको वचनमा केन्द्रित सत्य

एज्रा ७:१०

एडमण्ड चानद्वारा

# शेषन २

## परिचय

१. पाँच मूलभूत मान्यताहरू – राज्य केन्द्रित जीवनका पाँच आधारभूत स्तम्भहरू

२. मूलभूत मान्यताहरूका महत्व – ज्याक वेल्च र डेबिड नोवाक

**पहिलो स्तम्भ: परमेश्वरको वचन केन्द्रित सत्य**

***सत्यप्रति तीन प्रतिबद्धताहरू बनाउनु (एज्रा ७:१०)***

*"किनकि एज्राले परमप्रभुको व्यवस्था अध्ययन गर्न र पालन गर्न, र इस्राएलमा धर्म-विधि र धार्मिक शिक्षा सिकाउन आफैलाई समर्पण गरेका थिए।" –* ***एज्रा ७:१०***

### अ. "अध्ययन गर्न" : खुट्टयाउने एउटा खोज — जे हामीलाई थाहा छ !

१. शिक्षक सिक्ने व्यक्ति हो।

२. के अध्ययन गर्ने ? वचन!

बाइबलका बारेमा हामीले पाँच कुराहरू जान्नुपर्छ। (भजन ११९:१६०)

क. बाइबल ________________________________ हो।

ख. बाइबल ________________________________ हो।

ग. बाइबल ________________________________ हो।

घ. बाइबल ________________________________ हो।

ङ. बाइबल ________________________________ हो।

१. बाइबलको अद्वितीयपनलाई बिचार गरौं।

२. तीन प्रचलित बहानाहरूमाथि विजयी हुनु

क. "*समय छैन!*"

ख. "*यसको लागि धेरै मेहेनत चाहिन्छ!*"

ग. "*म बाइबललाई बुझ्दिनँ!*"

## अ. "पालन गर्न": लगावसहितको आज्ञापालन – जसरी वृद्धि आउँछ!

१. तपाईंका मान्यताहरूको अर्थ छ भन्ने बनाउनुहोस् – प्याट्रिक लेन्सियोनी

२. "तिनीहरूलाई पालन गर्न सिकाओ"!

## अ. "सिकाउनलाई" : एक निर्धारित हस्तान्तरण – जे हामीलाई चाहिन्छ!

१. हामी पुजाहारीगिरी विश्वासीहरू हौं ।

२. हस्तान्तरण गर्नुपर्ने आवश्यकता!

— बिशेष गरी अर्को पुस्ताहरूलाई

क. तिनीहरूका ______________________________ लाई पक्रिनुपर्छ ।

ख. तिनीहरूका ______________________________ लाई सल्काउनुपर्छ ।

ग. तिनीहरूका ______________________________ लाई पून:निर्देशित गर्नुपर्छ ।

घ. तिनीहरूका ______________________________ लाई गहिन्याउनुपर्छ ।

१. अर्को पुसताका मानिसहरूका लागि मोशाको सरोकार

**सारांश**

**तपाईंको सरोकार के छ?**

# मनन् गर्ने प्रश्नहरू

**प्रश्न नं. १. सत्यप्रतिको कुन चाहिँ प्रतिबद्धता तपाईलाई बढी चुनौतिपूर्ण लाग्यो? अध्ययन गर्न, व्यवहारमा लगाउन वा अरूलाई सिकाउन? र किन?**

**प्रश्न नं. २. परमेश्वरको वचनमा अझ धेरै गहिरिनका लागि एउटा ठोस कदम के लिनु हुनेछ?**

**प्रश्न नं. ३. यदि तपाईं मोशा जस्तै १२० बर्षको हुनुभएको भए, तपाईं पछि आउने पुस्तालाई के भन्नुहुने थियो?**

शेषन ३

# परमेश्वरको आराधना केन्द्रित समुदाय

रोमी १२:९-१७

एडमण्ड चानद्वारा

# शेषन ३

## परिचय

१. चेलापन मिशन केन्द्रित मण्डलीका लागि मूल कुरा!

२. ख्रीष्टियान समुदाय भन्ने बिषय मूल्यांकन गर्दा, म तपाईंहरूसँग चार मूल विचारहरू प्रस्तुत गर्नेछु:

क. बेमेलको हानिकारक रोग

ख. कुनै पनि एकता अभियानमा हुनुपर्ने प्रेम

ग. प्रेमका दश नियमावलीहरू

घ. मिशन केन्द्रित मण्डलीमा एकताको शक्ति

## क. बेमेलको हानिकारक रोग

बेमेल ४ कारणहरूले हानिकारक हुन्छन् :

१. यसले ख्रीष्टको शरीरलाई विभाजन गर्छ ।

२. यसले अविश्वास र शंकालाई प्रश्रय दिन्छ ।

३. यसले कलह र प्रतिस्पर्धालाई सतहमा ल्याइदिन्छ ।

४. यसले हामीलाई हाम्रो मिशनमा सम्झौता गर्न लगाउँछ र प्रभुलाई लाज लाग्दो बनाइदिन्छ ।

## ख.कुनै पनि एकता अभियानमा हुनुपर्ने प्रेम

१."येशू, सबैभन्दा महान् आज्ञा के हो?"

२. सेवकाइको मापक प्रेम हो ।

## ग. प्रेमका दश नियमावलीहरू

१. ______________________________________ नियमावली (पद ९)

"*धार्मिकताको नियमावलीले निष्कपट प्रेम फलाउँछ ।*"

२. ______________________________________ नियमावली (पद १०)

"*एक अर्कालाई भातृत्व भावले प्रेम गर । एक अर्कालाई आदर देखाउने कुरामा अघि होओ ।*"

३. ______________________________________ नियमावली (पद ११)

"*जोशमा पछि नहट । पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो ।*"

४. ____________________________________ नियमावली (पद १२)

"*आफ्नो आशामा आनन्द गर, संकष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो।*"

५. ____________________________________ नियमावली (पद १३)

"*सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।*"

६ ____________________________________ नियमावली (पद १४)

"*तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप।*"

७. ____________________________________को नियमावली (पद १५)

"*आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ।*"

८. ____________________________________को नियमावली (पद १६)

"*एक अर्कासँग मिलेर बस। कहिल्यै अहङ्कारी नहोओ, तर नम्रहरूसँग सङ्गत गर।*"

९. ____________________________________को नियमावली (पद १६)

*"..... तर नम्रहरूसँग सङ्गत गर ।"*

१०. _____________________________________ को नियमावली (पद १७)

*"कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसहरूका दृष्टिमा आदरणीय छ, तिनमा ध्यान देओ ।"*

## घ.मिशन केन्द्रित मण्डलीमा एकताको शक्ति

१. एउटा विश्वव्यापी पहलले, २ करोड मानिसहरू मण्डलीमा थपिए ।

२. अरू विश्वव्यापी पहलहरू -

क. दश लाख मण्डलीहरूको सशक्तिकरण

ख. मण्डली इतिहासमै सबैभन्दा ठूलो युवा सम्मेलन

ग. मण्डली इतिहासमै सबैभन्दा ठूलो प्रार्थना सभा

## सारांश

**यो सबै आराधनातिर फर्कनु हो!**

# मनन् गर्ने प्रश्नहरू

**प्रश्न नं.१. तपाईंको आफ्नै जीवन र सेवकाइको सन्दर्भमा आउँदा हप्ता र दिनहरूमा चार वटा कुराहरूमध्ये कुन चाहिँ बिशेष ध्यान दिनुपर्ने देखिन्छ?**

**प्रश्न नं.२. ख्रीष्टियान समुदायको कुन कुरामा तपाईंको ध्यान गएको थियो? भित्रतिर, बाहिरतिर वा माथितिर?**

**प्रश्न नं.३. तपाईंको ख्रीष्टियान समुदाय अझै माथितिर केन्द्रित हुनका लागि के कुरामा ध्यान दिनुपर्ला?**

शेषन ४

# परमेश्वरको इच्छामा केन्द्रित भण्डारेपन

१ पत्रुस ४:७-११

एडमण्ड चानद्वारा

# शेषन ४

## परिचय

१. चेलापनका बिषयमा मेरा ४ आधारभूत निश्चयताहरू -

२. आकस्मिकताको गति – येशू फेरि चाँडै आउँदैहुनुहुन्छ!

पत्रुस ४:७-११ बाट पत्रुसको जोशिलो बोलावट सिक्न सकिने कुराहरू -
उनका सन्देशका ४ महत्वपूर्ण हाइलाइटहरू

## अ. मनमा अन्तिम सम्झेर जिउनु

***– किनभने यो नै हाम्रो कम्पास हुनुपर्छ!***

"*सबै कुराको अन्त नजिक आएको छ।*"

१. जीवनको सबैभन्दा ठूलो त्रास मृत्यु होइन, तर उद्देश्य विनाको जीवन हो।

२. कसको महिमाको लागि?

## आ. येशूको आगमनलाई मनमा राख्नु

***– किनभने यो हाम्रो निश्चयता हुनुपर्छ!***

"*सबै कुराको अन्त नजिक आएको छ।*"

१. समय र घडी चिन्नुपर्छ!

२. तयारी रहनु!

## इ. जागा र सतर्क रहनु

***– किनभने यो हाम्रो प्रतिबद्धता हुनुपर्छ!***

"*यसकारण ..... शुद्ध मनको र सचेत भइरहो।*"

१. ताजा रहनुस्। सतर्क रहुनुस्। जागा रहनुस्।

१. आठ व्यावहारीक कुराहरू:

क. हामी घटनाहरूका बिषयमा मात्र सावधान हुनुपर्ने होइन —
बरू पहिले आफ्नै बिषयमा सावधान रहनुपर्छ ।

ख. सामान्य कुरालाई मुख्य नबनाउनुस् ।

ग. पछिसम्म नरहने कुराहरूद्वारा बोझिलो नबन्नुस् ।

घ. चकित नपर्नुहोस् ।

ङ. कूलत र पासोदेखि होशियारी हुनुस् ।

च. पछि हुन आउने चुनौतिहरूबाट कोही पनि अलग छैन ।

छ. यो केवल एक पटकको सतर्कता होइन, लगातार सतर्क हुनस् ।

ज. प्रार्थनालाई वेवास्ता नगर्नुस् ।

ध्यान दिनुस: यी आठै वटा कुराहरू लूका २१:३४-३६ मा येशूले भन्नुभएका कुरामा आधारित छन् ।

## ई. विश्वासयोग्य भण्डारे हुनु

***– किनभने यो हाम्रो योगदान हुनुपर्छ !***

"*परमेश्वरको धेरै गुणा अनुग्रहका असल भण्डारेहरू का रुपमा*"

१. भर्चू र इउलोजी भर्चूलाई पूनः हेर्नुस्

२. उपभोक्ता भएर जिउने कि योगदान गर्ने भएर

## सारांश

## जे महत्वपूर्ण छ त्यसका लागि जिउनुहोस्!

# मनन् गर्ने प्रश्नहरू

**प्रश्न नं.१. के तपाईं येशू ख्रीष्ट चाँडै आउँदै हुनुहुन्छ भन्ने अन्तिम कुरालाई मनमा राखेर जिउँदै हुनुहुन्छ?**

**प्रश्न नं.२. तपाईं आफू कस्तो व्यक्तिका रुपमा जिउँदै हुनुहुन्छ, उपभोक्तावादी कि योगदान गर्ने व्यक्ति?**

शेषन ५

# परमेश्वरको बुद्धिमा केन्द्रित सन्तुलन

याकूब ३:१३-१८

एडमण्ड चानद्वारा

# शेषन ५

## परिचय

१. सन्तुलित बुद्धिको आवश्यकता

२. माथिबाटको बुद्धि  (याकूब ३:१३-१८)

म यहाँहरूसँग याकूब ३ अध्यायको १३ पददेखि १८ सम्म नयाँ गरी हेर्न चाहन्छु । यो खण्डलाई हामीले २ किसिमका मनन् गर्ने हेराइबाट हेऱ्यौं भने अझै  राम्रो बुझ्न सक्छौं -  पहिलो, श्पष्टताको विधी र दोश्रो, भिन्नता बिधि ।

## अ. श्पष्टताको विधि

***साँचो बुद्धिको सात बिशेषताहरू***

१. परमेश्वरीय बुद्धि शुद्ध हुन्छ ।

२. बाइबलीय बुद्धि शान्तिप्रिय हुन्छ ।

३. बाइबलीय बुद्धि कोमल हुन्छ ।

१. परमेश्वरीय बुद्धि विचारशील हुन्छ ।

२. परमेश्वरीय बुद्धि कृपापूर्ण र असल फलले भरिएको हुन्छ।

३. परमेश्वरीय बुद्धि पक्षपातरहित हुन्छ ।

४. परमेश्वरीय बुद्धि कपटरहित हुन्छ ।

## अ. भिन्नताको विधि

***साँचो बुद्धि र नकल गरिएको बुद्धिमा भएका तीन भिन्नताहरू:***

**१. भित्री आयाम - मनोवृत्तिको भिन्नताः**

*– के ले साँचो बुद्धिलाई सम्झौता गर्छ भनी उत्तर दिन्छ ।*

**२. माथितिरको आयाम – श्रोतको भिन्नता**

– *साँचो बुद्धि कहाँ पाइन्छ भन्ने प्रश्नको उत्तर दिन्छ।*

**३. बाहिरी आयाम – परिणामको भिन्नता**

– *किन साँचो बुद्धिलाई खोज्नुपर्छ भन्ने प्रश्नको उत्तर दिन्छ।*

## सारांश

## माथिबाटको बुद्धि!

# मनन् गर्ने प्रश्नहरू

**प्रश्न नं. १. रेभरेण्ड एडमण्ड चानको वचनबाट तपाईंले सिक्नुभएको एउटा मुख्य व्यावहारीक कुरा के हो?**

**प्रश्न नं. २. तपाईंको आफ्नो जीवन र सेवकाइको सम्बन्धमा कसरी उत्प्रेरित हुनुभएको छ?**

**प्रश्न नं. ३.  यो सम्मेलनपछि तपाईंले आफ्नो जीवनमा तुरुन्तै लागू गर्ने एउटा कुरा के हो?**

शेषन ६

# परमेश्वरको तरिकामा केन्द्रित चूर्णता

भजन १०

एडमण्ड चानद्वारा

# शेषन ६

## परिचय

१. हाम्रो जीवनमा, धेरै आवाजहरू सुनिन्छन् !

२. परमेश्वरको उपस्थितिका बिषयमा अलमल्याउने प्रश्न -

**भजन १०** अध्यायलाई नयाँ गरी हेरौं ।

हाम्रो जीवनमा समस्या आउँदा दुई महत्वपूर्ण सिद्धान्तहरू हामीले सम्झनुपर्छ !

### अ. हाम्रो जीवनमा समस्या आउँदा हाम्रो मुद्रा महत्वपूर्ण हुन्छ ।

मानिसहरूका अहंकारी विश्वदृष्टिकोण र तिनीहरूका गलत इश्वरशास्त्रबाट भजनकर्ताले आफैंलाई सर्वशक्तिमान् परमेश्वरको रहस्यमा समर्ण गरे ।

भजन १० ले परमेश्वरको उपस्थिति नदेखिएको बेला मूर्ख मानिसका तीन मनोभावहरू हाइलाइट गर्दछन् :

**१. परमेश्वरलाई इन्कार गर्ने मानिस – फछ्याउनलाई परमेश्वर नै छैन । (पद ४)**

**२. परमेश्वरलाई निष्कासन गर्ने मानिस – वफादिरता हुनुपर्ने छैन । (पद ११)**

**३. परमेश्वरलाई घरेलुकुरण गर्ने मानिस – लेखा दिनुपर्ने डर नै छैन । (पद १३)**

## अ. जब हामीमा समस्या आउँछ, हाम्रो प्रतिउत्तर महत्वपूर्ण हुन्छ!

अब, भक्त भजनकर्ताले सिधै रेकर्ड राख्छन् ! उनले गहिरा इश्वरशास्त्रीय सिद्धान्तमा आधारित  तीन परमेश्वरीय विश्वदृष्टिकोणसहित ठीक प्रतिउत्तर जनाउँछन् (भजन १०:१६-१८)

**१. परमेश्वर नियन्त्रणमा हुनुहुन्छ ! (पद १६)**

क. परमेश्वर राज्य गर्नुहुन्छ !

"*परमप्रभु सदासर्वदाकै लागि राजा हुनुहुन्छ*"

ख. परमेश्वरले अनन्तसम्म राज्य गर्नुहुन्छ!

"*परमप्रभु सदासर्वदाकै लागि राजा हुनुहुन्छ*"

**२. परमेश्वर नियन्त्रणमा हुनुहुन्छ ! (पद १७)**

क. परमेश्वर जसलाई थाहा छ ।

"*हे परमप्रभु तपाईंले पीडितहरूको इच्छा सुन्नुहुन्छ ।*"

ख. परमेश्वर जसले बलियो पार्नुहुन्छ ।

"*तपाईंले तिनीहरूका हृदयलाई बलियो पार्नुहुन्छ ।*"

ग. परमेश्वर जसले वास्ता  गर्नुहुन्छ ।

"*तिनीहरूका पुकारा तपाईं सुन्नुहुन्छ ।*"

## ३. परमेश्वर न्यायी हुनुहुन्छ र उहाँले आफ्नो उद्धारात्मक उद्देश्य पूरा गर्नुहुन्छ! (पद १८)

क. भजन १० मा, परमेश्वर भन्नुहुन्छ, "म यहीँ छु, म वास्ता गर्छु, म न्यायी छु।

"*...तपाईं अनाथ र थिचोमिचोमा परेकाहरूको रक्षा गर्नुहुन्छ।*"

ख. तपाईं कसरी निश्चित हुन सक्नुहुन्छ? केवल क्रूशलाई हेर्नुहोस्!

*वाह! यी सबै हुँदा परमेश्वर अनुपस्थित हुनुहुन्न!!!*

**सारांश**

**जीवनमा धेरै आवाजहरू सुनिन्छन् – तर तपाईं कुन चाहिँआवाज सुन्नुहुन्छ?**

# मनन् गर्ने प्रश्नहरू

**प्रश्न नं. १. रेभरेण्ड एडमण्ड चानको वचनद्वारा तपाईंको जीवन वा सेवकाईको कुन चाहिँ क्षेत्रमा परमेश्वर बोल्नुभएको छ?**

**प्रश्न नं. २. तपाईं परमेश्वरलाई कसरी प्रतिउत्तर जनाउनुहुनेछ?**

शेषन ७

# परमेश्वरको अनुग्रह र उहाँको महिममा जिउनु

२ थिस्लोनिकी १:११-१२

रेभ टान के क्योङ्द्वारा

# शेषन ७

## परिचय

१. राज्य केन्द्रित जीवनका पाँच स्तम्भहरू भएर अनुग्रह र महिमाद्वारा भएर यात्रा गर्नु...

२. परमेश्‍वरको अनुग्रहमा (आइजी जी)र परमेश्‍वरका महिमाका लागि (एफ जी जी) जिउन के चाहिन्छ?

**परमेश्‍वरका दुई अविश्‍वसनीय प्रतिबद्धताहरू:**

**क. ______________________ ले तपाईंको अन्तिम बोलावट र नियतिलाई सुरक्षित गर्छ। (पद ११क)**

"...कि हाम्रा परमेश्‍वरले तिमीहरूलाई आफ्नो बोलावटको योग्य बनाऊन्..."

**ख. ______________________ ले तपाईंको वर्तमान जीवन र सेवकाईलाई पूर्ण गर्छ। (पद ११ख)**

"...हरेक असल उद्देश्य र विश्‍वासको कामलाई उहाँको शक्तिद्वारा पूर्ण गरिदेऊन्..."

## सारांश

**एक उच्च र बुद्धिमान् मनशायः #आई जी जी/एफ जी जी**

# मनन् गर्नुहोस्

**यसैले, अब यो सम्मेलन सकेर तपाईं अर्को कुरामा लाग्न तयार हुनै लाग्दा – म तपाईंलाई अनुरोध गर्छु, तपाईंको नोट पल्टाएर ध्यानपूर्वक विचार गर्नुहोस् र सिकेका कुराहरू मध्ये सबैभन्दा मुख्य लागेका तीन कुराहरूलाई टिप्नुहोस्, जसलाई तपाईं यो सम्मेलनपछि पनि लागू गरिरहनुहुनेछ ।**

LATEST RELEASE - CONFERENCE SPECIAL PROMOTION

# Grace & Glory




**PRINTED BOOK**
12-Session discipleship bible study. (RRP S$24)

**TEACHING VIDEOS**
12-Session teaching videos available on USB thumbdrive. (RRP S$75)

eBook Available at amazon

**SPECIAL PROMOTION**
Book & video USB bundle*
**S$85**

**BOOK OFFER**
Promotional price per book with any bundle purchased*
**S$12**

**IDMC Conference promotional period only, 3 Sep to 19 Oct 2021.*

## To redeem this offer, visit www.allon.com.sg

Hard copy book and videos on USB thumbdrive can be purchased at **www.allon.com.sg**
E-books and digital video downloads can be purchased at **www.amazon.com** and **www.kobo.com**

*Copyright © Covenant Evangelical Free Church 2021*

Published by
**Covenant Evangelical Free Church**
**10 Jelapang Road**
**Singapore 677740**
**Tel: (65) 6892 6811**
**Fax: (65) 6892 1502**
**Email: mail@cefc.org.sg**
**Websites: www.cefc.org.sg | www.idmc.org.sg**

*सम्पूर्ण अधिकार प्रकाशकमा सुरक्षित छ । यस प्रकाशनका कुनै पनि अंश प्रकाशकबाट अनुमति नलिईं पुनरुत्पादन गर्न, पूनर्प्राप्तिका लागि कुनै पनि माध्यम विद्युतीय, मेशीनको प्रयोग वा फोटोकपी गरी जम्मा गर्न वा प्रसार गर्न पाइनेछैन।*

COVENANT EFC